# बेपत्ता पारिएका व्यक्तिको छानविनआयोग

## भद्रकाली प्लाजा, काठमाडौं

## उजुरी आह्वान सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८२/०२/०६**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (६ख) मा आयोगले यस अघि उजुरी माग गरेको अवधिभित्र काबु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्नेछ तथा त्यसरी दिएको उजुरीमा उल्लिखित आधार र कारण मनासिव देखिएमा आयोगले छानविन गर्नेछ भन्ने व्यवस्था भएको छ।

नेपाल सरकारबाट यस आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मिति २०८२।०१।३१ र निजहरुले सपथ गरी पद बहाली गरेको मिति २०८२।०२।०५ बाट तीन महिनाभित्र अर्थात मिति २०८२।०५।०४ सम्ममा सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको व्यक्ति बेपत्ता पार्ने कार्यको घटनाका सम्बन्धमा यस अघि आयोगले उजुरी माग गरेको अवधिमा काबु बाहिरको परिस्थिति परी उजुरी दिन नसकेको स्पष्ट आधार र कारण सहित उजुरी दिन सकिनेछ। आयोगमा दिने उजुरीको ढाँचा यस आयोगको वेवसाइट www.ciedp.gov.np मा राखिएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, भद्रकाली प्लाजा, काठमाडौंमा वा आयोगको इमेल ciedpnepal@gmail.com मार्फत उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त म्याद नाघी प्राप्त भएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

- **नोटः उजुरी आह्वान सम्बन्धी थप जानकारीका लागि आयोगको इमेल ciedpnepal@gmail.com तथा टेलिफोन नम्बर ०१-५९०३७९५, ०१-५३५०६९६ र टोल फ्री फोन नं.: १६६०-०१-२२१११ मा सम्पर्क गर्न सकिने छ।**

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा दिने उजुरीको ढाँचा

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

**भद्रकाली प्लाजा, काठमाडौं**

(१) उजुरीकर्ताको–

(क) नाम थरः

(ख) ठेगानाः

(अ) स्थायीः

(आ) अस्थाईः

(इ) टेलिफोन-मोवाइल नं., इमेलः

(२) बेपत्ता पारिएको व्यक्तिको–

(क) नाम थरः

(ख) ठेगानाः

(अ) स्थायीः

(आ) अस्थाईः

(ग) टेलिफोन/मोवाइल नं., इमेल:

(घ) पारिवारिक विवरणः

(अ) वैवाहिक अवस्थाः

(आ) छोरा/छोरीको नाम थरः

(इ) बुवा/आमाको नाम थरः

(ङ) पेशाः

(च) उमेरः

(छ) हालको अवस्था:

(ज) हुलिया (पहिचान गर्न सकिने सङ्केत) :

(अ) शारीरिक विवरण (उचाई, बनौट, विशेष किसिमको कुनै पहिचान वा लक्षण) :

(आ) दुर्घटना, घाउ चोट, हड्डी भाँच्चिएको, शारीरिक विकृति वा कुरूपता, शल्यक्रिया लगायतको चिकित्सा सम्बन्धी पहिचानः

(इ) दाँत सम्बन्धी विवरण र तस्विरहरूः

(ई) अन्तिम पटक देखिएको अवस्थामा लगाएको लुगा सम्बन्धी विवरण वा उक्त व्यक्तिले प्रायः लगाउने किसिमका जुत्ता वा चप्पल, पेटी, औंठी, चश्मा, सुन्न प्रयोग गरिने यन्त्र, कपाल कोर्ने तरिका, टोपी आदिः

(उ) अन्य कुनै सङ्केत, चिज वस्तु भएः

(झ) पहिचानका अन्य विवरणः

(३) उजुरीकर्ताको बेपत्ता पारिएको व्यक्तिसँगको नाता वा सम्बन्धः

(४) बेपत्ता पार्ने व्यक्तिको विवरण (थाहा भएमा ) –

(क) नाम थरः

(ख) ठेगानाः

(अ) स्थायीः

(आ) अस्थाईः

(इ) टेलिफोन, मोवाइल नं., इमेलः

(५) बेपत्ता पार्ने व्यक्तिको पेशाः

(६) बेपत्ता पार्ने व्यक्ति घटना हुँदाको अवस्थामा कुनै कार्यालयमा कार्यरत भए पद र सो कार्यालयको नाम ठेगानाः

(७) बेपत्ता पार्ने कार्यमा अन्य कुनै व्यक्तिको संलग्नता भए त्यस्तो व्यक्तिको–

(क) नाम थरः

(ख) ठेगानाः

(अ) स्थायीः

(आ) अस्थाईः

(इ) टेलिफोन, मोवाइल नं., इमेलः

(ग) हुलिया (पहिचान गर्न सकिने सङ्केत) :

(घ) हाल वा तत्काल कार्यरत कार्यालयः

(८) बेपत्ता पारिएको घटनासँग सम्बन्धित विवरणः

(क) बेपत्ता पारिएको मिति र स्थान सहितको सम्पूर्ण विवरणः

(ख) घटना सम्बन्धी सम्पूर्ण विवरणः

(९) फेला पर्न सक्ने सम्भावित स्थानः

(१०) यस अघि अदालत वा अन्य कुनै निकायबाट कुनै कारबाही भएको भए सो को विवरण र नतिजाः

(११) दाबी गरेको परिपूरणको प्राथमिकता र सो को आधारः

(१२) घटनासँग सम्बन्धित सबुत प्रमाणः

(क) देख्नेः

(ख) सुन्नेः

(ग) कागजः

(घ) तस्वीरः

(ङ) अन्यः

(१३) यस अघि आयोगले तोकेको म्यादभित्र उजुरी दिन नसक्नुको आधार र कारणः-

(१४) अन्य कुनै कुरा भएः

उजुरीकर्ताको,–

दस्तखतः

नाम, थरः

मितिः

द्रष्टव्यः माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ ।